# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## व्यास नगरपालिका, तनहुँ

## आर्थिक वर्ष २०७५।७६

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

***Serving the Nation***
***and***
***the People***

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७
च.नं

मिति: २०७७/३/२४

श्री प्रमुखज्यू,
व्यास नगरपालिका,
तनहुँ ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन। विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्। स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो। लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ आषाढ २७ गते।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
(वागमती तथा गण्डकी महानिर्देशनालय)

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्या : २०७६।०७७
च.नं

मिति: २०७७।३।२५

श्री प्रमूखज्यू,
व्यास नगरपालिका कार्यालय,
तनहुँ ।

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले व्यास नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यस संग सम्बन्धित अन्य बिबरणले स्थानीय तह संग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.१० करोड १३ लाख १७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ११ लाख ४५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७ करोड ६५ लाख ५८ हजार, नियमित गर्नुपर्ने रु.८४ लाख ६६ हजार र पेश्की फर्छ्यौट गर्नु पर्ने रु.१ करोड, ५१ लाख ४८ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।२७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना विस (२०) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

# व्यास नगरपालिकाको कार्यालय
## लेखापरीक्षण प्रतिवेद
आर्थिक वर्ष २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक उकाममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अर्न्तगत १४ वडा रहेको, २४८ व.कि.मी. क्षेत्रफल र ७०३३५ जनसंख्या रहेको यो नगरपालिका गण्डकी प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७५।०७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

### आय व्ययको विवरण

| सि. नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | शिर्षकगत रकम | जम्मा रकम | | विवरण | शिर्षकगत रकम | जम्मा रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | **६४४७४०८९३** | |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | **४२७३९१६१२** | |
| | ख) बैंक | ११८२६६१५६ | | ३ | **सशर्त अनुदान फिर्ता** | **२०८४१७५५** | |
| | ग) धरौटी बैक | | | ४ | **वित्तिय ब्यवस्था भूतानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | ब्याज भुक्तानी | १०६५४०३३ | |
| | क) आन्तरिक राजस्व | १४०६६१५०९ | | **५** | **लगानी** | | |
| | ख) राजस्व बाँडफाँड संघ | १४७८१६२७२ | | ६ | धरौटी फिर्ता | ४१५०१०६ | |
| | ग) राजस्व बाँडफाँड प्रदेश | | | ७ | कोष खर्च | १२३८०३६ | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | ८ | **मौज्दात** | | |
| | क)वित्तीय समानीकरण अ | १८३८००००० | | | नगद मौज्दात | ५०८००५ | |
| | ख) सशर्त अनुदान | ६०८४७२७४२ | | | बैक मैज्दात | ९६८५६२७७ | |
| | ङ) अर्थ वजेट | | | | धरौटी तथा कोष मौज्दात | ५७९४७२४८ | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त** | | | | जम्मा हुन बाकी चेक | २३५४७५४३ | |
| | क)वित्तीय समानीकरण अनुदान | ६६९०००० | | | | | |
| | ख) शशर्त अनुदान | | | | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | | | | | |
| ७ | **जनसहभागिता (नगद)** | **२०३४६१३२** | | | | | |
| ८ | **विषयगत निकायबाट प्राप्त** | | | | | | |
| ९ | **धरौटी आय** | **२६४४८१३७** | | | | | |
| १० | **लगानीको साँवा फिर्ता** | | | | | | |
| ११ | **अन्य विविध आय** | **३५३७४५६०** | | | | | |
| | **कुल जम्मा** | **१२८७८७५५०८** | | | **कुल जम्मा** | **१२८७८७५५०८** | |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| १ | **सन्चित कोष हिसाब:** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६९ माप्रत्येक नगरपालिकाको एउटा सन्चित कोष रहने र उक्त कोषमा राजस्व, अनुदान, ऋण लगायतका रकमहरु रहने र उक्त कोषबाट खर्च गर्न सकिने रकमको व्यवस्था रहेको छ । कार्यालयले सन्चित कोषको हिसाब तयार गरेको छैन । | |
| २ | **सन्चित कोषमा ट्रान्सफर :** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकि रहेको रकम आर्थिक वर्षको अन्त्यमा सन्चित कोषमा जम्मा हुने व्यवस्था रहेकोमा कार्यालयले आर्थिक वर्षको अन्त्यमा चालु खर्च खातामा  र पूँजीगतखर्च खाता आर्थिक वर्षको अन्तमा बाँकि देखाएको छ । कानूनी व्यवस्था अनुसार यस्ता खातामा रहेको रकम सन्चित कोषमा जम्मा गरी खाताको मौज्दात शून्य बनाउनुपर्नेमा सो अनुसार भएको नदेखिएकोले कानूनी व्यवस्थाको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३ | **कानुन निर्माण र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अर्न्तगत यस वर्ष नगरपालिकाले कार्यविधि १४ वटा, नियमावली ६ वटा, आचारसंहिता १ वटा, ऐन २० वटा, दिग्दर्शन १ वटा, निर्देशीका ३ वटा र मापदण्ड १ वटा गरी जम्मा ४६ वटा कानुन तर्जुमा गरी राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् । नगरपालिकालाई आवश्यक पर्ने अन्य ऐन, नियम निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । | |
| ४ | **न्याय सम्पादन :** नेपालको वर्तमान संविधानको धारा २१७ मा व्यवस्था गरिए बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार न्यायिक समितिले मुद्दा मामिला किनारा तथा मेलमिलाप गराउने व्यवस्था छ । शुक्लागण्डकी नगरपालिकाले उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन भई समितिमा २०७५ श्रावण देखि असारमसान्त सम्म  ५५ उजुरी दर्ता  भएकेमाा मिलापत्र भएको २०, फैसला भएको ४, अदालत/प्रहरीमा पठाइएको ४ वटा, सम्पर्कमा नआएका ७ वटा,फिर्ता भएका २, क्षेत्राधिकार भित्र नपर्ने २ र इजलास जारी रहेको ११ मुद्धा फछ्यौट गर्नेतर्फ समितिको ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | **स्थानीय तहका पदाधिकारी सुविधा :**नेपालको संविधानको धारा २२७ मा नगरसभा तथा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा नगरसभा तथा नगर सभाका सदस्यले मासिक सुविधाको रुपमा पारिश्रमिक  पाउने व्यबस्थानभएकोमा नगरपालिकाबाट नगर प्रमुख, नगर उपप्रमुख, वडा अध्यक्ष्य १४ जना, कायंपालिका सदस्य ८ जना, सभाका सदस्य ४८ जना लाइं मासिक सुविधा र सञ्चार सुविधा गरी जम्मा रु १०१०३०००।० पारिश्रमिक र अन्य सुविधा वापत भुक्तानी भएको छ ।तसर्थ यस्तो सुबिधा खर्च लेख्न मिल्ने नदेखिदा कानुनमा व्यबस्था गरेर मात्र खर्च लेख्नुपर्दछ । | |
| ६ | **धरौटी :**कर्यालयले पेश गरेको धरौटीको आर्थिक विवरण अनुसार धरौटी बाँकी रु.१०६९५५९४।०४ रहेको छ । बैक विवरण अनुसार रु.१३३४०७८९।४७ रहेको छ । बैक र श्रेस्तामा फरक पर्न गएको रकम बैक सँग हिसाव मिलान गरी कार्यालयर बैकको हिसाव मिलान गर्नु पर्ने रु. | २६४३१९५. |
| ७ | **लगानी र ऋण:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम ब्यास नगरपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभाबाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक , आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था अनुसार नगर विकासकोष | |

| | | |
|---|---|---|
| | बाट लिएको ऋणको ब्याज रु १०६५४०३३ ब्याज भुक्तानी गरेको छ। | |
| ८ | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ। उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सोको वरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। नगरपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको तलवबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्ने गरेको छैन। योगदानमा आधारित कल्याण कोषको व्यवस्था भएकोले नगरपालिकाले कर्मचारी कल्याण कोषको व्यवस्थामा आन्तरीक स्रोतबाट रु ३५०००००।० जम्मा गरेको छ। कल्याणकारी कोष सञ्चालन कार्यविधि तयार नगरी कोषमा रकम जम्मा गरेको नियम सम्वत नदेखिएको रु. | ३५०००००।० |
| ९ | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलब्ध गराई सवै नगरपालिकाले Sub National Tresury Regulatory application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ। यस नगरपालिकाले आर्थिक वर्ष २०७५/७६ सम्म उक्त सफ्टवयेरको प्रयोग गरेको देखिएन। स्थानीय तहको लेखाप्रणालीलाई बैज्ञानिक र व्यवस्थित गर्नका लागि लागू गरिएको उक्त सफ्टवयेरमा बजेट प्रविष्टि गरी खर्चको लेखाङ्कन शुरु गरेतापनि प्रभावकारी रुपमा प्रयोग गर्नेतर्फ कार्यालयको ध्यान नपुगेको देखिन्छ। | |
| १० | **कर्मचारी व्यवस्था :** नेपाल सरकारको मिति २०७४।१२।१४ स्थानीय तहको अन्तरिम संगठन संरचना तथा दरवन्दी सम्वन्धी निर्णयकमा यस नगरपालिकामा १९१ जना कर्मचारी दरवन्दी रहने उल्लेख छ।स्वीकृत कर्मचारी दरवन्दी मध्ये संघ बाट सरुवा भई आएका २३ जना, स्थानिय तहमा कार्यरत ३७ जना, र आन्तरीक पूर्तिबाट ९७ जना समेत १५९ जनाका पदपूर्ति भएको छ भने रिक्त पद ३२ रहेकोमा केहि पदहरु करारमा राखीकाम गरेको छ। आवश्यक कर्मचारी व्यवस्थापन नहुँदा सेवा प्रवाहमा असर पर्ने भएकोले कर्मचारी व्यवस्थापनमा ध्यान दिनुपर्ने देखियो | |
| ११ | **आन्तरिक नियन्त्रण प्रणाली :**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन। यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन्।<br>● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन।<br>● मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा केहिको मूल्य खुलाएको छैन।<br>● मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समय मै नदिई आर्थिक वर्षको अन्त्यमा एकैपटक पठाएको देखियो।<br>● स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको,<br>● कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>● वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन दिने नगरेको,<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिनअगावै तोकी सक्नु पर्नेमा दररेट तोकेको छैन।<br>● कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमूखले तोकेको कर्मचारीले "भुक्तानी भएको"जनाउने छापसमेत लगाई | |

दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।

- कार्यलयले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरिएको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।
- विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री ढुवानी गर्दा ढुवानीको कर बिजक जारी गर्नु पर्नेमा नगरी भर्पाइ मात्र संलग्न गरेको सोही आधारमा खर्च भुक्तानी दिने गरेको पाइयो ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाखभन्दा बढिको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा कुनै पनि ठेक्कामा विमा गराएको छैन ।
- सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।
- वार्षिक कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमका प्रत्येक क्रियाकलापहरुमा अनुगमन तथा मुल्याङकनको लागि एकमुस्ट राखी भ्रमण खर्च नियमावली अनुसार खर्च गर्नु पर्नेमा नगरेको
- कन्टिन्जेन्सी खर्चको अभिलेख रजिष्टर नराखेको,
- निजामती सेवा ऐन, २०४९ बमोजिम कार्यविवरण बनाई लागु नगरेको,
- कार्यक्रमगत खाता नराखेको कारण कार्यक्रमगत प्रगति यकिन हुने गरी बार्षिक प्रगति प्रतिवेदन तयार नगरेको ।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार सम्पन्न भएका योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन

१२ **वजेट पेश तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र पारीत गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले २०७५ असार २७ गते बजेट, नीति तथा कार्यक्रम पारित गरेको छ ।

१३ **चौमासिक खर्च** :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष गरेको कुल पँजीगत खर्च रु.४२७३९१ हजार मध्ये प्रथम चौमासिकमा ११.८७ प्रतिशत, दोश्रो चौमासिकमा २०.११ प्रतिशत र तेश्रो चौमासिकमा ६८. प्रतिशत खर्च गरेको देखिएको छ । तेस्रो चौमासिकमा भएको खर्च मध्ये आषाढ महिनामा मात्रै ६१.८२ प्रतिशत खर्च भएको छ । कार्यालयले आर्थिक बर्षको अन्त्यमा बढी भार पर्ने गरी खर्च गरेको पाइयो । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा तोकिएको लक्षित कार्य सोही अनुरुप सम्पन्न गर्नेतर्फ नगरपालिकाको ध्यान जानु पर्दछ ।

| क.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | जग्गा खरिद | १,०००.०० | | | १,०००.०० | |
| २ | कार्यालय भवन | १८,१५०.१९ | १८,१५०.१९ | | | |
| ३ | नया भवन लिफ्ट फर्निचर | १४,९२०.९१ | | २,९०१.१७ | १२,०१९.७४ | ७,९८१.६० |
| ४ | घर नम्वर प्लेट( मे.ठे.प्रणाली) | ९९५.४४ | | | ९९५.४४ | |
| ५ | मेसिनरी औजार | ९९.६७ | ७०.०० | ९९.६७ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | सशर्त तर्फको पुजीगत कार्यक्रम | ५१,९३६.५० | ३३०.०० | १००.०० | ५१,५०६.५० | ४६,७०९.४५ |
| ७ | सार्वजनिक निर्माण | २९८,०५९.२० | २५,४१४.१९ | ७४,५७२.४६ | १९८,००२.५५ | १०७,६७७.७८ |
| ८ | अन्य क्रमागत योजना | २१,२९९.३८ | ६,७८५.०० | ८,३१०.८१ | ६,२०३.५७ | २,६८७.९८ |
| ९ | झोलुङ्गे पूल | २,७२१.५८ | | | २,७२१.५८ | २,१९६.७६ |
| १० | स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम | ११,५२८.३२ | | | ११,५२८.३२ | ७,४१३.६७ |
| ११ | प्रदेश सहलगानी | २,५५०.७३ | | | २,५५०.७३ | २,५५०.७३ |
| १२ | पर्यटन पुर्वाधार प्रवर्दन | ४,१२९.७० | | | ४,१२९.७० | २,४७९.७० |
| | | ४२७,३९१.६२ | ५०७४९.३८ | ८५९८४.११ | २९०,६५८.१३ | १७९६९७.६७ |

यसरी तेस्रो चौमासिकमा ठूलो खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।

१४ **राजस्व परामर्श समितिः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६५ मा राजस्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । उक्तसमितिले हेटौडा उपमहानगरपालीका मकवानपुर र तिनाउ गाउँपालीका, पाल्पाको अध्ययन अवलोकन गरि ब्यास न.पा. वडा.न. १० र ११ मा रहेको चुनढुङ्गा उत्खननमा लगाउने कर तथा शुल्कको लागि तथा विभिन्न समयमा वैठक बसि घरभाडा, सटरकवलको भाडा असुली लगायतका विषयमा  नगरकार्यपालीका समक्ष सुझाव पेस गरेको  पाइएको छ ।

१५ **राजश्व आम्दानी र दाखिला**

१५.१ नगरपालिकाबाट आन्तरिक आयका विभिन्न दरहरु नगरसभाबाट स्वीकृत गरी वडा तथा कार्यालयबाट आय संकलन गर्ने गरिएकोमा कतिपय वडाहरुबाट विभिन्न सिफारिसहरु निशुल्क दिने गरेको देखिएकोमा नगरसभाबाट शुल्क निर्धारण गरिएका सिफारिसहरु निःशुल्क गर्न नमिल्ने साथै वडाहरुबाट संकलित नगदी रसीदहरुको नमुना परीक्षण गर्दा आन्तरिक आय संकलनलाई अझ व्यवस्थित, परादर्शी र नियन्त्रित गर्नुपर्ने देखिएको ।

१५.२ नगरपालिकाबाट आन्तरिक आय संकलनको लागि सबै वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालयबाट एकिकृत कर प्रणाली (Online system) बाट संकलन गरिएकोमा Software को प्रयोगमा आएको कठीनाईका कारण कतिपय न.पा.बाट स्वीकृत अनुमानित आयको बजेट शिर्षकमा उल्लेखित शिर्षक भन्दा अन्य शिर्षकमा समेत कर संकलन भएको देखिएको हुँदा त्यसमा सुधार गर्नुपर्ने देखियो । प्रभावकारी Online Systemको प्रयोग गरी आन्तरिक आय संकलनमा जोड दिनुपर्ने देखिएको छ ।

१६ **सम्पति कर :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । नगरपालिकाले सम्पति तथा भुमिकर लागु गरेको देखिन्छ ।

१७ **आर्थिक सहायता :**सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीति मार्गदर्शन २०७५ को वुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेरमात्र क्षतिपूर्ति, औषधोपचार र आर्थिक सहायता वापतको खर्च उपलव्ध गराउने उल्लेख छ । यो बर्ष आन्तरिक चालु खर्च शीर्षकबाट विपन्न नागरिक तथा प्रकोप पिडीतलाई घरवास तथा औषधी उपचार खर्चरु.१५४७५९०आर्थिक सहायता स्वरुप भूक्तानी गरेको छ । यस्तो खर्च लेख्न आवश्यक कार्यविधि तथा मापदण्ड तयार गरेको छैन । मापदण्ड तयार गरी यस्तो सुविधा दिने कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

| | | |
|---|---|---|
| १८ | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिकाले क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरापालिकाले यो वर्ष वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । यद्यपि सरसफाईको क्षेत्रमा कुहिने र नकुहीने फोहोरको वर्गिकरण गरि फोहोर संकलन कार्यलाई व्यवस्थित गरेको र फोहोरबाट निस्कने कवाडी समान विक्रि गरि आम्दानी गरेको देखिएतापनि ल्याण्डफिल्ड साइड नतोकेको ले ल्याण्डफिल्ड साइड तोकि फोहोरको समुचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ । | |
| १९ | **तलवी प्रतिवेदन :** निजामती सेवा ऐन,२०४९ को दफा ७ ख(२) सम्वन्धित कार्यालयले सम्वन्धित कार्यालयले को.ले.नि.का.बाट तलबी प्रतिवेदनपास नगराई तलब खर्च लेख्न नहुने व्यवस्था छ। नगरपालिकाले आ.व. २०७५/०७६ को तलवी प्रतिवेदन पास नगरी  स्वास्थ्य, कृषि र भेटेनरीको रु.३४२९७५३४.५८बराबरको तलब भत्तामा खर्च लेखेको छ । अतः नियममा भएको व्यवस्था अनुसार तलबी प्रतिवेदन पास गरेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| २० | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा संझौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ । | |
| २१ | **जटिल प्राविधिक कार्य :** कार्यालयले नया बाटोको ट्र्याक खन्ने, सडक विस्तार गर्ने, पहिरो पन्छाउने आदि कार्यहरु उपभोक्ता समिति मार्फत गराएको छ । यसरी गर्ने कार्यको लागत अनुमान तयार गर्दा जिल्ला दररेट बमोजिम प्रति घनमिटर माटो खन्न तोकिएको दरलाइ आधार बनाइ तर्जुमा गर्ने गरेको छ । तर उपभोक्ताहरुले काम गर्दा र गराउदा प्रति घण्टाको दरमा डोजर, स्काभेटर आदि मेशिन भाडामा लिइ कार्यहरु गराउने गरेको पाइयो । यसरी मेसिन भाडामा लिदा एउटै प्रकृतिको कार्य गर्ने एउटै मेसिनको भाडा समेत एउटै वा फरक स्थान र समयमा समेत फरक फरक दरले भाडामा लिई कार्य गराउने गरेको देखियो । निर्माण कार्यको नापजाँच भने स्वीकृत लागत अनुमान बमोजिम प्रति घनमिटरमा नै गर्ने गरिएको छ । नगरकार्यपालिकाको कार्यलयले समेत प्रति  घण्टा डोजर, स्काभेटर लगायतका मेसिनको दररेट के कति हुने सम्वन्धमा निर्णय गरेको देखिन आएन । त्यसैगरी उपभोक्ताबाट गरिने कार्यहरु श्रम प्रधान हुनुपर्ने र मेसिनको प्रयोग गर्न नपाइने भन्ने प्रचलित कानूनहरुको प्रावधान समेत पालना भएको देखिन आएन । जस्तै : भौ.न. १६०७, २०७६/३/२९ शहिद लालध्वज मोटरमार्ग कुइलिने हुदै पुलीमर्याङ सम्म  निर्माणकार्यको लागि कार्यलयले उपभोक्ता सँग काम गराएको छ । एक्साभेटर र डोजरको प्रयोग गरि उपभोक्ता समितिले शाहील कन्ट्रक्सन प्रा.लि. को विल रु २०१२९९७ पेस गरेको अधारमा कार्यालयबाट उपभोक्ता समितिलाई रकम भुक्तानी दिएको छ । श्रम प्रधान हुनुपर्नेमा मेसीन प्रयोग गरेको नियम संगत भएन । | |
| २२ | **अनुत्पादक क्षेत्रमा लगानी–**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस नगरपालिकाले सामुदायिक भवन, क्लब भवन, खेलकुद मैदान जस्ता योजनाहरु अधिक संख्यामा समेत | |

छनौट गरी खर्च गरेको पाइयो । केही उदाहरण निम्नानुसार छन् ।

| सि.नं. | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | विभिन्न तिज गित कार्यक्रम | १३००००.० |
| २ | मेला, महोत्सव, कन्सर्ट | ३७००००.० |
| ३ | युवा क्लव, संघ संगठन, सहयोग | १८००००.० |
| ४ | मठ मन्दीर तथा पूजा आजा | २१०००० |

२३ **निर्माण कार्यको गुणस्तरसम्बन्धमा –** नगरपालिकाबाट पारित उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि र प्रक्रियाको गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने उल्लेख छ । साथै उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

२४ **सार्वजनिक सुनुवाइः** वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्य आफूले सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ ।

२५ **परामर्श सेवा :** सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ८४ मा ५ लाख भन्दा बढिको सेवा खरिद गर्दा सिलबन्दी दरभाउपत्र मार्फत खरीद गर्नु पर्ने व्यवस्था छ । ५ लाख भन्दा बढिको सेवा खरिद गर्दा सिदबन्दी दरभाउपत्रको मार्फत खरिद गर्नु पर्ने साथै नियम ३१ मा २० लाख भन्दा बढिको परामर्श सेवा बोलपत्र मार्फत खरिद गर्नु पर्ने व्यवस्था भएकोमा नगरपालिकाबाट यस वर्ष १३ वटा कार्यक्रमको सम्भाव्यता अध्यायन गरी परामर्श खर्चमा रु.४७७९.८८४ हजार खर्च गरेको नियम सम्बत नदेखिएको रु ४७७९८८४

| क्र.सं. | कार्यक्रमको नाम | लागत अनुमान | परामर्श खर्च रु हजारमा | | |
|---|---|---|---|---|---|
| | | | गत | चालु वर्षको | जम्मा |
| १ | सेती र मादि नदिको नदिजन्य पदार्थ उत्खनन सम्बन्धी प्रारम्भिक वातावरणी परिक्षण प्रतिवेदन | ४९७.२०० | | ४९७.२०० | ४९७.२०० |
| २ | अनशन चैतारी पार्कको गूरुयोजना निर्माण कार्य | ३९५.५०० | | २३७.३०० | २३७.३०० |
| ३ | जेनेरेटर, लिफ्ट र ट्रान्सफर्मर खरिद योजनाको प्राविधिक स्पेशिफिकेशन तयार र मुल्यांकन | १४९.००० | | ७४.००० | ७४.००० |
| ४ | नगर पाश्वचित्र तयार गर्ने कार्य | ३९१.६०७ | | ३९१.६०७ | ३९१.६०७ |
| ५ | नगरपालकाको आफ्नै ISp स्थापना सम्बन्धी अध्ययन | ४९९.९८५ | | ४९९.९८५ | ४९९.९८५ |
| ६ | योजना शाखा प्लानिङ सफ्टवेयर निर्माण तथा अन्य कार्य | ४८०.२५० | | ४८०.२५० | ४८०.२५० |
| ७ | नारेश्वर खोलामा कृतिम ताल निर्माण योजनाको गुरुयोजना | ४८९.२९० | | ०.००० | ०.००० |
| ८ | रानिगांउ क्षेत्रमा प्रस्तावित एकीकृत जग्गा विकास कार्यक्रमको सम्भाव्यता अध्ययन | ११३०.००० | | ११३०.००० | ११३०.००० |
| ९ | अडियो वडापत्र जडान गर्ने कार्य | ४७४.६०० | | ४७४.६०० | ४७४.६०० |
| १० | वि.पि. वन वाटिका रंगशाला निर्माणको विस्तृत योजना | ३३९.००० | | ३३९.००० | ३३९.००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | सांधखोला कमेरेपानी खानेपानी योजनाको डि.पि.आर.तयार | ९६.०५० | | ९६.०५० | ९६.०५० |
| १२ | दूई पिप्ले सिसाघाट ताकान्जा सडकको स्तरोन्नती र कालोपत्रेको लागि डि.पि.आर.तयार | ९९.८९२ | | ९९.८९२ | ९९.८९२ |
| १३ | न.पा क्षेत्र भित्रको सामाजिक सांस्कृतिक अनूसन्धान कार्यक्रम | ४६०.००० | | ४६०.००० | ४६०.००० |
| | जम्मा | | | | ४७७९.८८४ |

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| २६ | **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार वार्षिक बजेट कार्यक्रम कार्यान्वयन सुचारु रुपले गराउन र निर्धारित समय भित्र कार्य सम्पन्न गर्न अन्य निकायसँग लिनु पर्ने सहयोग र स्वीकृत बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा सम्पन्न गरिसक्नु पर्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको ठेक्का बन्दोबस्तीसम्बन्धी विवरण अनुसार यो वर्ष संचालित भएका २५ वटा कार्यहरूको ठेक्का सम्झौता भएकोमा २ वटा प्रथम चौमासिकमा २ वटा दोस्रो चौमासिकमा र २० वटा तेस्रो चौमासिकमा ठेक्का सम्झौता भएकोमा असारमा १ वटा ठेक्का संझौता भएको छ । यसले गर्दा निर्माण कार्य समयमा सम्पन्न नहुने तथा जनतामा प्रवाह हुने सेवा सुविधामा असर पर्ने हुँदा नियमको पालना गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |
| २७ | **कार्यसम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) अनुसार कुनै निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको एकिन गर्न प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कार्यलय भवन र वडा कार्यालयको लागि ५ KVA को १५ वटा र ६२.५ KVA को १ वटा जेनेरेटर एलिमेक्स इन्टरनेशनल प्रा.लि काठमाण्डौ बाट बोलपत्रको माध्यमले रु ५२७०१५० को जडान सहितको खरिद सम्झौता गरेको छ । १५ थान जेनेरेटको विल पेश गरि ३७७८९३४ भुक्तानी भएको छ । खरिद भएको सामान जिन्सी आम्दानी दाखिला जनाएको भएतापनि ६२.५ KVA को भुक्तानी भएको छैन । सम्झौताअनुसार सवै सामानको कार्यसम्पन्न पेश गर्नुपर्नेमा गरेको छैन । खरिद भएको सामान कहाँ कहाँ जडान भएको हो सो को कार्यसम्पन्न प्रतिवेदन तयार नभएको | ३७६८९३४. |
| २८ | १५३ ०७६/३/२४ छाब्दी मार्ग कालोपत्रे निर्माणको लागि रु. २०००००८५। को लागत अनुमान स्विकृतिगरि बोलपत्र गर्दा सवैभन्दा घटी कबोल जि.एस. कन्ट्रक्सनको रु १०९८४२४२।७० (भ्याट बाहेक) को कबोल अंक स्वीकार पछि २०७६/३/२५ मा काम सम्पन्न गर्ने गरी मिति ०७५/१२/१८ मा सम्झौता गरेकोमा नगर सभाको मिति ०७६/३/२५ को निर्णयले ०७६/७/३० सम्म म्याद थप गरेको छ । निर्माण व्यवसायिलाई गएको पेश्की मध्ये रु. ५०००००। आर्थिक बर्षका अन्तमा फछ्र्यौट बाकी रहेकोले आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७९ अनुसार फछ्र्यौट गर्नु पर्दछ । | **५०००००** |
| २९ | **न्यून प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ अनुसार बोलपत्रको माध्यवाट खरिद गर्दा प्रतिस्पर्धा गराउनु पर्ने व्यवस्था छ । साथै सोही ऐनको दफा २६(६) बमोजिम कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फ समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा ऐनको प्रावधान अनुरुप बोलपत्र रद्द गर्न सकिने प्रावधान तर्फ समेत कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । कार्यालयले यस वर्ष २ प्रतिशत भन्दा घटी प्रतिस्पर्धा भएका ४ वटा ठेक्का देहाय अनुसार छ । | |

| क्र.सं. | कार्यक्रमको नाम | ठेक्का नंबर | बिक्री सङ्ख्या | दाखिला सङ्ख्या | लागत अनुमान (हजारमा) | स्वीकृत रकम | घटी प्रशिशत |
|---|---|---|---|---|---|---|---|
| १ | क्यामीन मार्ग स्तरोन्नती | २३.७५.७६ | १ | १ | २५००६५०.२ | २४९०२६९.१३ | ०.४२ |
| २ | खड्गकाली मोद्दर मार्ग कालोपत्रे तथा पक्कि नला | २४.७५.७६ | १ | १ | ४००००४६. | ३९८८९३६.९ | ०.२८ |
| ३ | पराशर मोद्दर मार्ग कालोपत्रे तथा पक्कि नाला निर्माण | २५.७५.७६ | १ | १ | ३०००१९१.८ | २९६९९९५.६ | १.०१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | कालिका मार्ग कालोपत्रे तथा रिटेनिङवाल निर्माण | २७.७५.७६ | १ | १ | ३००००९५.४ | २९८४०५१.६३ | ०.५३ |

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार लागत अनुमान भन्दा १.५ प्रतिशतभन्दा घटीमा ठेक्का सम्झौता गरेको छ । माथिको परीदृश्यले बोलपत्रदाताहरुबीच मिलोमतो भएको अवस्था देखिएकोमा पनि जिम्बेवार पदाधिकारीले बैकल्पीक व्यवस्था नगरी ठेक्का स्वीकृति गरेको अवस्था औचित्यपूण नदेखिदा ठेक्का बन्दोबस्तमा प्रतिस्पर्धा हुने गरी आवश्यक कारबाही गर्नुपर्दछ ।

३० **लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन र प्रगति समीक्षा गर्नुपर्ने र तोकिएको समयमा प्रगति हासिल नगर्ने र विवरण नपठाउनेलाई कारबाही गर्न सकिने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार संचालित कार्यक्रमको प्रगति विवरण देहाय अनुसार रहेको छ ।

| क.सं. | कार्यक्रमको/योजना | यो वर्ष कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|---|
| | | | शुन्य प्रगति कार्यक्रम | २५% प्र.सम्म प्रगति भएका कार्यक्रम | ५०%.सम्म प्रगति भएका कार्यक्रम | ७५%सम्म प्रगति कार्यक्रम |
| १ | मुल कार्यक्रम संख्या | ५७० | ० | | | १०३ |
| २ | सहायक कार्यक्रम | ४२७०५० | | | | ६५१०० |

